# उच्च माध्यमिक शिक्षा परिषद्
## परीक्षा नियन्त्रण कार्यालय
## सानोठिमी, भक्तपुर

# सूचना

यस परिषद्बाट सम्बन्धन प्राप्त उच्च माध्यमिक विद्यालयहरुले कक्षा ११ को नतिजा प्रकाशन भएपश्चात् आ-आफ्ना विद्यालयका छात्र/छात्राहरुलाई सरल र सहज रुपबाट सूचना आदान प्रदान गर्न तपशिलमा उल्लेखित ब्यहोरा अवगत गर्नु/गराउनुहुन अनुरोध छ ।

**तपसिलः**

१. नतिजा प्रकाशन भएपछि सक्कल लब्धाङ्कपत्र परिषद्को जिल्लास्थित कार्यालय मार्फत सम्बन्धित विद्यालयमा पठाइने छ । प्राप्त लब्धाङ्कपत्र लेजर अनुसार विद्यार्थीको सिम्बोल नम्बर, रजिष्ट्रेशन नं., नाम र थर भिडाई सबै कुरा रुजु भएमा मात्र सम्बन्धित छात्र/छात्रालाई वितरण गर्नुपर्नेछ ।

२. लब्धाङ्क पत्रमा कुनै कारणले नाम, थर लगायत अन्य आवश्यक विवरण फरक परेमा प्रवेश पत्रको प्रतिलिपि र लब्धाङ्कपत्र सहित ३ (तीन) महिना भित्र परिषद्का सम्बन्धित जिल्लास्थित कार्यालयमार्फत परीक्षा नियन्त्रण कार्यालयमा निवेदन पेश गरिसक्नुपर्नेछ । सो अवधी पछि प्राप्त निवेदनमा कार्यवाही हुने छैन ।

३. नतिजा प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र प्रति विषय रु.२५०/- (दुईसय पचास) का दरले दस्तुर बुझाई पुनर्योगका लागि लब्धाङ्कपत्रको प्रतिलिपि सहित परिषद्का सम्बन्धित जिल्लास्थित कार्यालय वा परीक्षा नियन्त्रण कार्यालयमा आवेदन दिइसक्नुपर्ने छ । वेभ साइटबाट डाउनलोड गरेको लब्धाङ्कपत्र पनि राख्न सकिनेछ ।

४. उच्च माध्यमिक तह उत्तिर्ण आंशिक परीक्षार्थीहरुलाई नतिजा प्रकाशन भएको १० (दश) दिन पछि मात्र ट्रान्सक्रिप्ट, माइग्रेशन र प्रोभिजनल प्रमाणपत्रहरु उपलब्ध गराइनेछ ।

उपरोक्त ब्यहोरा अवगत गर्नुभै परिषद्का सम्बन्धित जिल्लास्थित कार्यालयहरुले आवश्यक व्यवस्था मिलाउनुहुनसमेत अनुरोध छ । यस सम्बन्धमा स्पष्ट नभएमा उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क गर्न सकिनेछ । परिषद्को Website : www.hseb.edu.np मा पनि हेर्न सकिनेछ ।

**- परीक्षा नियन्त्रक**